**प्रस्ताव आम्हान :** **आदिवासीद्वारा संचालित सामुदायिक रेडियोकोलागि अनुदान परियोजना, २०२०**

**प्रस्ताव पेश गर्ने अन्तिम मिति :** फेब्रुअरी, १५, २०२०

**प्रस्ताव पठाउन योग्य देशहरु :** मेक्सीको, ग्वाटेमाला, बेलिज, एलसाभाडोर, हुन्डोरस, निकारागुआ, कोस्टारिका, पानामा, बोलिभिया, पेरु, कोलोम्बीया, इक्वेडोर, चिले, अर्जेन्टीना, नेपाल, नर्थइस्ट इन्डिया, बोत्सवाना, नामिविया र दक्षिण अफ्रिका ।

**उदेश्य :**

आदिवासीद्वारा संचालित सामुदायिक रेडियोको लागि चौथो चरणको अनुदान परियोजना घोषणा गर्न पाउँदा कल्चरल सरर्भाइभल खुशी व्यक्त गर्दछ । यो अनुदान परियोजना कल्चरल सरर्भाइभलको विभिन्न कार्यक्रमहरुमध्ये सामुदायिक रेडियो अन्त्तगतको कार्यक्रम हो । आदिवासी जनजातिहरुद्वारा संचालित रेडियोहरुलाई आफ्नो समुदायलाई उनीहरुले बोल्ने र बुझ्ने भाषामा, उनीहरुको आवश्यकता र सामुहिक चाहाना बमोजिम जानकारी, शिक्षा र मनोरञ्जन दिने कार्यलाई थप सहयोग पु¥याउँदै, आदिवासी समुदायको हकमा भरपर्दो सूचना सम्प्रेषणको मञ्चको रुपमा सामुदायिक रेडियोलाई स्थापित गर्ने यस कार्यक्रमको मुख्य उदेश्य हो ।

यस परियोजनाले आदिवासी समुदायको सामुदायिक रेडियोले स्थानियदेखि राष्ट्रिय तहमा आदिवासीहरुको संस्कृति, भाषा, इतिहास र सिद्धान्तको पुर्नउत्थान, अधिकारको सम्बद्र्धन, भूमि, भू-क्षेत्र र प्राकृतिक स्रोतसाधन संरक्षणको कार्यलाई सहयोग पु¥याउने र आदिवासी महिलाहरुको नेतृत्व विकास गर्ने उद्देश्य राखेको छ ।

यस अनुदान परियोजनाका लागि मेक्सीको, ग्वाटेमाला, बेलिज, एल्साभाडोर, हुन्डोरस, निकारागुआ, कोस्टारिका, पानामा, बोलिभिया, पेरु, कोलोम्बीया, इक्वेडोर, चिले, अर्जेन्टीना, नेपाल, नर्थइस्ट इन्डिया, बोत्सवाना, नामिविया र दक्षिण अफ्रिकी देशमा संचालित आदिवासी रेडियोले यो चरणमा फेब्रुअरी, १५, २०२० भित्र प्रस्तावना पेश गर्न सक्नेछन् ।

प्रस्तावनालाई लिखित रुपमा (कम्तीमा २ पेज), अडियो (३ देखि ५ मिनेट) वा श्रव्यदृश्य भिडियो रेकर्डिङ (३ देखि ५ मिनेट) मार्फत स्पेनिश, अंग्रेजी, रसियन, नेपाली, सुनुवार, हिन्दी, किचे, माम, डिक्जाग्जा (इस्थामोस जापोथेक), आयुक, आफ्रिकान्स, फ्रेन्च, पोजोमम मध्ये कुनै एकभाषामा पेश गर्न सकिने छ ।

परियोजनाको अधिकतम राशि ८००० अमेरिकी डलर हुनेछ ।

यस चरणमा आदिवासी समुदायको आवश्यकताअनुसार कुनैपनि खालको प्रस्तावना पेश गर्न सकिने छ । तर कल्चरल सरर्भाइभलले मौलिक र परिणाममुखी प्रस्तावनालाई प्राथमिकता दिनेछ । प्रस्तावनाको विषयवस्तु यही नै हुनुपर्छ भन्ने छैन । यद्यपि निम्न विषयहरुमा कार्य गर्नका लागि प्रस्ताव पेश गर्न सकिनेछ :

१) रेडियो संचालनका लागि आवश्यक इजाजतपत्र प्राप्त गर्न कानूनी सहायतका लागि । (मेक्सीको लागि मात्र लागूहुनेछ)

२) रेडियोको क्षमता अभिवृद्धिका लागि, जस्तैः राणनीतिक योजना बनाउन, रेडियो संचालक समिति गठनका लागि, वातावरणीय नीति, लैङ्गिक नीति निर्माणको साथै रेडियो कार्यक्रमको प्रभावकारिता मुल्याङ्कन सम्बन्धमा योजना बनाउने र लागू गर्ने सम्बन्धमा ।

३) रेडियोकर्मीहरुको सीप अभिवृद्धि गर्ने, जस्तैः कार्यक्रम उत्पादन, खोज पत्रकारितासम्बन्धी तालिम, रेडियो उपकरण बनाउने सम्बन्धमा ।

४) समुदायमा रेडियोको पहुँच र प्रभावकारिता सम्बन्धी अध्यान तथा मुल्याङ्कन गर्ने सम्बन्धमा ।

५) आदिवासीहरुको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, उपनिवेशबाट स्वतन्त्रता प्राप्त गरेको आदिवासी इतिहास, आदिवासी भूमि, भुक्षेत्र र प्राकृतिक स्रोतमाथीको पहुँच, समाचार निर्माण, आदिवासी महिलाका अधिकार, सांस्कृतिक र पुख्र्यौली सम्पदा, राष्ट्रिय कानूनले आदिवासीहरुमा पारेको विभेदसम्बन्धी सार्वजानिक बहस तथा कार्यक्रम निर्माण सम्बन्धमा ।

६) रेडियोको उपकरण खरिदसम्बन्धी (कुल परियोजनाको ३० प्रतिशतमा सिमित हुनुपर्ने )

७) सामुदायिक रेडियोको संलग्नतामा आदिवासी जनजातिको अधिकार सुनिश्तिताका लागि गरिने कदमसम्बन्धी ।

८) स्थापित सामुदायिक रेडियोले अर्को सामुदायिक रेडियोको क्षमता अभिवृद्धिको लागि तालिम दिने सम्बन्धमा ।

९) रेडियो कार्यक्रम उत्पादन र वितरण गर्ने सम्बन्धमा ।
१०) नयाँ प्रविधि प्रयोग सम्बन्धी क्षमता अभिवृद्धि गर्ने सम्बन्धी (जस्तै, वेभ स्ट्रिमिङ, सर्भर लिङ्क, रेडियोको वेवपेजहरु निर्माण आदि)
परियोजना मौलिकता, दिगोपना, र आदिवासी जनजातिको अधिकार र संस्क्रिृतिसम्बन्धी कार्य गर्ने उद्देश्यमा स्पस्टताको आधारमा छनौट गरिनेछ । परियोजना ६ देखि १० महिनाभित्रमा सम्पन्न गर्नुपर्नेछ । परियोजनाले रेडियो र समुदायको हित, मुद्धा र आवश्यकतालाई सम्बोधन गर्नु पर्नेछ ।

यस परियोजनामा आदिवासीको भाषामा कार्यक्रम उत्पादन र प्रसारण गर्ने आदिवासीद्वारा नै संचालित सामुदायिक रेडियोलाई विषेश प्राथमिकता दिईनेछ ।

**प्रस्तावना आवेदन भर्ने तरिका**

पहिलो चरणमा परियोजनासम्बन्धी अवधारणपत्र लिखित, अडियो वा श्रव्यदृश्य ÷ भिडियो रेक्र्डिङमार्फत् पेश गर्न सकिनेछ । लिखित प्रस्तावना अधिकतम २ पेजसम्मको र अडियो वा भिडियो ३ मिनेटसम्मको हुनुपर्नेछ । प्रारम्भिक अवधारणापत्र छनौटमा परेमा अंग्रेजी र स्पेनिस भाषामा विस्तृत प्रस्तावना पेश गर्नुपर्नेछ । परियोजनासम्बन्धी अवधारणपत्र आदिवासी समुदायहरुलाई उपयुक्त हुने तरिकाले तयार परिएको छ ।

लिखित, अडियो वा भिडियो रेक्र्डिङस्वरुपको अवधारणापत्रमा निम्न कुरा संलग्न हुनुपर्नेछः

क) सामुदायिक रेडियोको नाम, रेडियो स्थापनाको संक्षिप्त इतिहास । रेडियो र संस्थाको वेवसाईट, फेसवुक वा अन्य सोसल साईटहरुको लिंक ।

ख) रेडियोले सेवा पु¥याएको समुदाय, रेडियोको लक्षित समुदाय वा श्रोताको जनसंख्या ।

ग) सामुदायिक रेडियोको औचित्य र समुदायको आवश्यकता ।

घ) परियोजनाको परिकल्पना र सम्बोधन गर्न खोजेको समुदायको आवश्यकता ।

ङ) परियोजना अन्र्तगत गरिने गतिविधिसम्बन्धी विस्तृत परिचय ।

च) परियोजनाको अन्तमा प्रप्त गर्न खोजेको लक्ष्य वा उपलब्धि ।

छ) परियोजनाको लागत (अधिकतम ८००० अमेरिकी डलर), परियोजनाको बजेट स्थानीय रकम र अमेरिकी डलरमा तयारी गर्नुपर्नेछ ।

थप जानकारीको लागि वा अनुदानको लागि प्रस्तावना वा अवधारणपत्र पेश गर्ने सम्पर्क ठेगानाः चबमष्य२अक।यचन

**कल्चरल सरर्भाइभलबारे**

कल्चरल सरर्भाइभलले आदिवासी जनजातिहरुको अधिकारकाबारेमा वकालत गर्दछ । यसले आदिवासीको आत्मानिर्णयको अधिकार, उनीहरुको सांस्कृतिक र राजनीतिक जुझारुपनलाई सन् १९७२ देखि सहयोग गर्दै आइरहेको छ । कल्चरल सर्भाइभलले आदिवासी जनजातिहरुको अन्र्तिनहित

अधिकारलाई आत्मसात र सम्मान गर्ने साथै आदिवासीको मौलिक संस्कृति, भूमि, भाषा, आध्यात्मीक मुल्य मान्यता, कला, आत्मनिर्णयाको अधिकार, स्वशासन र स्वयत्तता पुर्ण रुपले उपभोग गरेको संसारको परिकल्पना गर्दछ । कल्चरल सरर्भाइभलको सम्पूर्ण कामहरु आदिवासीको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्रमा आधारित छन् । वकालत, संचार, सामुदायिक शिक्षामा लामो अनुभव बटुलेको कल्चरल सरर्भाइभलले आफ्ना सम्पुण कार्यक्रमहरु आदिवासीको आवाज वुलन्द गर्दै, उनीहरुको आत्मनिर्णयको अधिकार, भूमिमाथीको अधिकार, संस्कृति र मुल्यवान वातावरण एवं पर्यावरण जोगाउनमा समर्पित गर्दै आइरहेको छ । यसले आदिवासी जनजातिको अधिकार सुनिश्चितताको लागि अन्तर्राष्ट्रिय प्रक्रियामा संलग्नता, राष्ट्रिय नीति निर्माण, मानवअधिकारको सम्मान, संरक्षण र सम्बद्र्धनमा सहयोग पु-याउदै आएको छ ।

**कल्चरल सरर्भाइभलको अनुदानसम्बन्धी अन्य अवसरहरुको लागि हेर्नुहोस्ः**

१) आदिवासी युवाको लागि फेलोसिपसम्बन्धी प्रस्तावना आहवान ।

२) किपरर्स आफ द अर्थ फन्डको लागि प्रस्तावना आहवान ।

**समाप्त**